# मालिका गाउँपालिका आर्थिक वर्ष २०८३/०८४

## बजेट बक्तव्य

## पेश गरिएको कार्यालय

मालिका गाउँपालिका १९ औं गाउँ सभा ,दरबाङ्ग म्याग्दी

गण्डकी प्रदेश नेपाल

## पेश गर्ने

मालिका गाउँपालिकाका उपाध्यक्ष

लक्ष्मी देवि घर्ति पुन मगर

# मालिका गाउँपालिका

आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

सभाध्यक्ष महोदय,

मालिका गाउँपालिका गाउँसभा बैठकको १९ औं अधिवेशनमा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यज्यूहरुमा म गाउँपालिका उपाध्यक्ष लक्ष्मी देवि घर्ति पुन मगर ज्यूको तर्फबाट हार्दिक स्वागत तथा न्यानो अभिवादन टक्रयाउदछु । नेपालको संघीय शासन व्यवस्थाले अङ्गालेको तीन तहको सरकार मध्ये स्थानीय सरकारलाई नेपालको संविधानको भाग १९ ले प्रदान गरेको स्थानीय आर्थिक कार्यप्रणालीको अधिकार भित्र रहि यस अघि सभाध्यक्षज्यूले गाउँसभामा प्रस्तुत गर्नु भएको आ.ब २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रमले लिएका लक्ष्य एवं उद्देश्यलाई मध्यनजर गर्दै आगामी आ.ब. २०८३/०८४ को बार्षिक बजेट यस सम्मानीत गाउँसभा समक्ष प्रस्तुत गर्न गईरहेको छु यस अवसरमा आफूलाई गौरवान्वित महशुस गरेको छु

नेपाली जनताको राजकिय सत्ता र सार्वभौमसत्ता प्राप्त गर्नको लागि विभिन्न समय खण्डका जनआन्दोलनमा आफ्नो जीवन समर्पण गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु । जनआन्दोलन सफलताको लागि आफ्नो स्थानबाट सहयोग गर्नुहुने सम्पुर्ण राजनीतिक दलहरु तथा आम नेपाली नागरिकहरुमा मालिका गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु

सभाध्यक्ष महोदय,

मालिकाबासी बाट जनअनुमोदन भएर पालिका र पालिकाबासीको सेवामा समर्पित भएको पनी आज ४ वर्ष भन्दा बढी भएको छ, यस समयमा हामी संग उपलब्ध सिमित स्रोत-साधनको अधिकतम उपभोग मार्फत नागरिकहरुका आवश्यकता र चाहानालाई पुरा गर्न अधिकतम प्रयास गरेका छौ । यस कार्यमा विषेश साथ दिनुहुने जनप्रतिनिधिज्युहरु, कर्मचारीज्यूहरु र मालिका बासिहरुमा हार्दिक धन्यबाद प्रकट गर्दछु

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यम द्वारा सुशासन बिकास र समृद्धि हासिल गर्न उपलब्ध श्रोत, साधनलाई अधिकतम परिचालन गरी सामाजिक न्याय सहितको समृद्ध र आत्मनिर्भर मालिका गाउँपालिका निर्माणमा सहयोग पुग्ने गरि बजेट तर्जुमाको प्रयास गरेको छु । नेपालको संविधानले हाम्रो संघीयतालाई सहकारी समन्वय र सहकार्यको आधारमा अघी बढ्ने गरी परिकल्पना गरेको छ । नेपालको संविधानको धारा ५७ अनुसार अनुसूची ८ मा स्थानीय तहलाई संवैधानिक रुपमानै एकल अधिकार प्रदान

गरेको छ । तर पनी स्थानीय तहले आफ्नो एकल अधिकार तर्फको दायित्व र कर्तव्य अनुरुपको आर्थिक अधिकार सङ्घीय सरकारबाट प्राप्त गर्न नसकेको अवस्था छ ।

पालिका आर्थिक स्रोतमा मजबुत नहुनु नागरिकहरुको आवश्यकता र चाहानाका सिमाहरु बढ्दै जानु जसले गर्दा नागरिकको आवश्यकता र पालिकाले प्रदान गर्न सेवाहरु बीच खाड्ल उत्पन्न भएको अवस्थालाई मध्यनजर गर्दै पालिकाले सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त गर्ने अनुदान र आन्तरिक स्रोतको वैज्ञानीक र कुशल परिचालन गरी आन्तरीक राजश्वको दायरा फराकिलो बनाउने कोशिसका साथ पालिकालाई आत्मनिर्भर बनाउने हेतुले दिगो पूर्वाधार, रोजगार, शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि, विपद व्यवस्थापन र सुशासन जस्ता विषयलाई प्राथमिकतामा राखि सभाध्यक्षज्यूले सम्मानित गाउँ सभा समक्ष प्रस्तुत गरेको नीति तथा कार्यक्रमलाई आत्मसाथ गर्दै पालिका बासीको ईच्छा, चाहान र आवश्यकतालाई पूरा गर्ने उद्देश्यका साथ यो बजेट तयार गरको छु ।

सभाध्यक्ष महोदय,

अब म पालिकामा रहेका केहि अवसर तथा चुनौतीहरु प्रस्तुत गर्न गईराखेको छु ।

**अवसरहरुः**

- पालिका बासीहरुमा पालिकाको आर्थिक र सामाजिक विकासका चासो बढदै गईरहेको छ, साथै पालिकामा विकास साझेदारीहरुको उपस्थिती सकरात्मक रहेको छ,
- विगतको तुलनामा पालिका भित्रका सबै स्थानमा सवारी साधन पहुँच पुगेको छ भने विद्युत लगायतका आधारभुत सेवाहरुमा सिचाईं, पालिका भित्र खानेपानी, सम्पूर्ण नागरिको पहुँच सुनिश्चिता भएको अवस्था छ भने भौतिक पूर्वाधार गुणस्तरिय हुदै गएका छन् ।
- प्राकृतिक रुपमा सम्पन्न यस पालिकामा लाभको क्षेत्रको रुपमा कृषि, पर्यटन, उर्जा तथा वन पैदावारको जस्ता क्षेत्रहरु रहेका छन् ।
- कृषि र पर्यटन क्षेत्रहरु विस्तारै गुणस्तरिय हुदै व्यवसायिक तर्फ अगाडी बढेका छन् ।
- सार्वजनिक सेवा प्रवाहको लागि आवश्यक दरबन्दी अनुसार जनशक्तिको उपलब्धता रहेको छ, साथै पालिकाले सार्वजनिक सेवा प्रवाहमा सुशासन कायम गर्न सकिएको अवस्था छ ।
- स्वास्थ्य, शिक्षा जस्ता आधारभुत आवश्यकतामा सम्पूर्ण नागरिकहरुको सहज पहुँच बन्दै गएको अवस्था छ ।

**चुनौतिहरुः**

१.पालिकाको आन्तरिक आम्दानीलाई शसक्त बनाउन आन्तरिक राजश्वको दायरा फराकिलो बनाई तथा राजश्वका नयाँ क्षेत्रहरु पहिचान गर्न ।

२. पालिका भित्रको पर्यटन र कृषि क्षेत्रलाई पुर्ण रुपमा व्यवसायिकरण, यान्त्रिकरण र विविधिकरण बनाउन ।

३. विषेश र शसर्त कार्यक्रम अन्तर्गत पालिकाबाट टेन्डर आव्हान गरी सञ्चालित योजनाहरु समयमा नै सम्पन्न नहुँदा पालिकालाई आर्थिक दायित्व थपिनु सबैभन्दा प्रमुख चुनौतिको रुपमा रहेको छ ।

४.पालिका भौगोलिक रुपमा छरिएर रहेका बस्तीको कारण पूर्वाधार विकासलाई गुणस्तरिय तथा दिगो बनाई नागरिको सहज पहुँच स्थापना गर्न तथा नागरिक आवश्यकतालाई पुर्ण रुपमा कार्यान्वयन गर्न ।

५. आन्तरिक तथा वाहय बसाईं सराईंले पालिकाको आर्थिक गतिविधिमा युवा वर्गको उपस्थिती कमजोर भई आर्थिक तथा विकासात्मक गतिविधिमा सरोकारवालाको उपस्थिती कायम गराउन ।

६.पालिकामा कार्यरत कर्मचारीलाई प्रविधिमैत्री बनाई उत्प्रेरणा युक्त बनाई कार्यकुशलतामा प्रभावकारिता ल्याई सुशासन कायम गर्न ।

७.पालिकाको विकासात्मक गतिविधीमा वातावरणीय प्रभाव मूल्याङ्कलाई प्रभावकारी रुपमा कार्यान्वयन नगर्दा विपद्जन्य घटनामा वृद्धि हुनु ।

सभाध्यक्ष महोदय,

म, अब चालू आर्थिक वर्ष २०८२/८३ को पालिकाको वित्तिय अवस्था छोटकरीमा यस गाउँ सभा समक्ष प्रस्तुत गर्न अनुमती चाहन्छु ।

चालु आर्थिक वर्षमा कुल अनुमानित आय रु ५० करोड ९१ लाख ३७ हजार अनुमान गरिएकोमा हाल सम्म संघ तथा प्रदेश सरकारबाट समानिकरण, शसर्त, विशेष, राजश्व बाँडफाँड र आन्तरिक स्रोत समेत गरी जम्मा रु ४५ करोड ८२ लाख ४९ हजार रुपैयाँ मात्र प्राप्त भएको छ । आन्तरिक राजस्व तर्फ ७६ लाख ५० हजार अनुमान गरिएकोमा हाल सम्म ६२ लाख ५३ हजार रुपैयाँ राजस्व संकलन भएको छ ।

पुँजीगत खर्च व्यय अनुमान कुल १६ करोड १७ लाख ६९ हजार मात्र रहेकोमा हालसम्म ३ करोड ८२ लाख २३ हजार रुपैयाँ (२३.६३%) खर्च भएको छ ।

चालुगत खर्च व्यय अनुमान कुल ३४ करोड ७३ लाख ६७ हजार रहेकोमा हालसम्म २२ करोड ८५ लाख ६७ हजार (६५.८ %) मात्र खर्च भएको छ यसरी चालु आर्थिक वर्षमा हालसम्म वित्तिय प्रगति ५२.४ % रहेको छ ।

सभाध्यक्ष महोदय,

अब, म मालिका गाउँपालिकाको आगामी आर्थिक बर्ष २०८३/०८४ प्रमुख उद्देश्य तथा प्राथिमकताहरु प्रस्तुत गर्न चाहान्छु ।

**<u>बजेटका उद्देश्यहरुः</u>**

- शिक्षा ,स्वास्थ्य ,खानेपानी ,सरसफाई सामाजिक सुरक्षा तथा अन्य आधारभुत सेवाहरुको गुणस्तर अभिबृद्धि गरी सेवामा नागरिकको पहुँच सुदृढ गर्ने ।
- कृषि, पशुपालन, पर्यटन क्षेत्रलाई विविधिकरण, व्यवसायिकरण, यान्त्रिकरण र बजारिकरण मार्फत पालिकामा आन्तरिक रोजगारी वृद्धि गरी आर्थिक विकासलाई प्रभावकारी बनाउनु ।
- वातावरण संरक्षण ,जैविक विविधताको संवर्द्धन जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम न्युनिकरण सम्बन्धी कार्यक्रमहरुलाई प्राथमिकता प्रदान गर्ने
- पालिका भित्र लघु उद्यम तथा घरेलु उद्योगको विकासका लागि युवा लक्षित कार्यक्रमहरु सञ्चालन गर्नु ।
- शिक्षा, स्वास्थ्य लगायतका आधारभूत आवश्यकतामा आम नागरिकको पहुँच सुनिश्चित गर्नु ।
- सिमान्तकृत तथा लक्षित वर्ग र समुदायको मौलिक हकलाई सुनिश्चित गरी सामाजिक न्यायमा आधारित समाजको निर्माण गर्नु ।
- भौतिक पूर्वाधारलाई दिगो, गुणस्तरीय र आधुनिक रुपमा विकास गर्नु
- विपद् उत्थानशिलतालाई ध्यान दिदै विकासात्मक गतिविधिहरु सञ्चालन गर्नु ।
- स्थानीय स्रोत तथा राजस्वको दायरा विस्तार गरी वित्तिय आत्मनिर्भरता अभिबृद्धि गर्ने तथा अन्तरसरकारी वित्त व्यवस्थालाई प्रभावकारी बनाउने
- उपलब्ध स्रोत साधन तथा बजेटको मितव्ययी न्यायोति ,पारदर्शी र परिणाममुखि परिचालन सुनिश्चित गर्दै विकास प्रतिफलको समुचित वितरण गर्ने ।

**<u>बजेटका प्राथमिकताहरुः</u>**

- रोजगारी सिर्जना तथा उद्यमशिलता विकास
- व्यवसायिक र गुणस्तरिय कृषिको विकास,
- आन्तरिक रोजगारीको बढोत्तरी
- कृषिमा आधारित लघु उद्यम तथा घरेलु उद्योगको विकास,
- पर्यटन विकास तथा साँस्कृतिक संरक्षण

- दिगो र गुणस्तरिय पूर्वाधारको विकास,
- सामाजिक न्याय तथा समावेशितामा आधारित पालिकाको निर्माण,
- वातावरण संरक्षण तथा विपद् व्यवस्थापन
- गुणस्तरिय स्वास्थ्य र शिक्षा माथि नागरिकको सहज पहुँच,
- अन्तर सरकार समन्वय र सहकार्य,
- सुशासन तथा संस्थागत सदृढीकरण तथा सार्वजनिक सेवा प्रवाहमा गुणस्तरता कायम,

सभाध्यक्ष महोदय,

१.साथै आगामी वर्षको लागि गाउँपालिकाको श्रोत र आवश्यकता अनुसार योजनाहरु बहुवर्षीय र क्रमागत हुने व्यवस्था मिलाएको छु।

२. यस वर्ष योजना सम्पन्न भई रकम अभाव हुने योजनाहरुलाई रकम बाँकी रहेका शिर्षकबाट रकमान्तर गरी भुक्तानी गर्ने व्यवस्था तथा रकम अपुगलाई बाँकी राखि आगामि आ.ब  मा दायित्व सार्ने व्यवस्था मिलाएको छु।

सभाध्यक्ष महोदय,

अब म आगामी बर्ष २०८३/२०८४ का लागि अनुमानित आय व्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. आर्थिक बर्ष २०८३/०८४ को लागि अनुमानित आय विवरण निम्न बमोजिम रहेको छः

## क.सङ्घीय सरकारको तर्फबाट प्राप्त हुने अनुमानित आयः

१. वित्तीय समानीकरण तर्फको अनुदान रकम ८ करोड ८९ लाख मात्र,

२.राजश्व वाँडफाँड तर्फको अनुदान रकम ९ करोड ३ लाख ६३ हजार मात्र,

सशर्त तर्फ चालु खर्च २० करोड ७४ लाख तथा पुँजीगत तर्फ ५० लाख रुपैया समपुरक तर्फ पुँजीगत २ करोड ६ लाख र विषेश तर्फ ९२ लाख रुपैयाँ।

## ख. गण्डकी प्रदेश सरकारको तर्फबाट प्राप्त हुने अनुमानित आयः

१.वित्तीय समानीकरण तर्फको अनुदान १ करोड ६ लाख ७७ हजार मात्र,

२.राजश्व बाडफाड तर्फको अनुदान  ८७ लाख ६८ हजार मात्र

प्रदेश सरकारको विशेष अनुदान ४० लाख र समपुरक अनुदान ६० लाख मात्र

## ग. आन्तरिक स्रोत तर्फ

सञ्चित कोषमा अल्या हुने रकम : रु २ करोड र आन्तरिक राजस्व तर्फ १ करोड गरी जम्मा ३ करोड  अनुमान गरेको छु ।

उल्लेखित कुल बजेट चालुगत शिर्षकमा रु ३४ करोड ३० लाख १९  हजार र पुँजिगत शिर्षकमा १४ करोड ५५ लाख ८९ हजार रुपैयाँ विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक बर्ष २०८३/८४ का लागि निम्न उल्लेखित बिषयगत क्षेत्रगतरुपमा निम्न बमोजिम मुख्य मुख्य योजना र कार्यक्रमहरु समावेश गरेको छु ।

## १. आर्थिक विकास तर्फः

आर्थिक विकास तर्फ शर्सत र पालिकावाट कुल रकम १ करोड ५० लाख विनियोजन गरेको छु ।

- रैथाने बालि प्रबर्द्धन, उन्नत विउ वितरकलाई प्रोत्साहन अनुदान, खाद्यान्न बालिका लागि उन्नत विउ उपयोग अनुदानका लागि २० लाख २५ हजार रुपैयाँ विनियोजन गरेको छु ।
- विभिन्न स्थानीय वाली प्रबर्द्धनका लागि  ८ लाख रुपैयाँ विनियोजन गरेको छु ।
- राष्ट्रिय रोजगार प्रबर्द्धन कार्यक्रम अन्तर्गत रोजगारी सिर्जना गर्नका लागि २० लाख ९४ हजार रुपैयाँ विनियोजन गर्को छु ।
- किसानहरुलाई लागत साझेदारीमा कृषि प्रविधि हस्तान्तरणको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- कृषकहरुलाई यान्त्रिकिकरण ,भेटेरेनरी औषधि, कृषि जन्य विउ तथा विषादि खरिदका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- लघु उद्यम विकास कार्यक्रम मार्फत उद्यमशीलता विकास सहजीकरण र केन्द्र सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- लोकल मदिरालाई व्राण्डिङ्ग गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

## २. सामाजिक विकासः

सामाजिक विकास तर्फ शर्सत र पालिकावाट २८ करोड ८२ लाख  रुपैया विनियोजन गरेको छु ।

- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता ,विपन्न विद्यार्थि शैक्षिक सामाग्री व्यवस्थापनका लागि रु २३ लाख रकम विनियोजन गरेको छु ।
- मगर खाम भाषा प्रशिक्षक तयारिका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिबृद्धि कार्यक्रमका लागि रु ७७ लाख , आधारभुत स्वास्थ्य सेवा गुणस्तर अभिबृद्धिका लागि विशेष अनुदान मार्फत रु ४० लाख रकम विनियोजन गरेको छु ।
- प्राविधिक विद्यार्थिलाई  छात्रबृत्ति तथा भिम मा.वि.,राष्ट्रिय मा.वि. र  किसानी मा.वि.लाई आवश्यक शिक्षण सहयोग अनुदानका लागि ३६ लाख ६० हजार रुपैयाँ रकम विनियोजन गरेको छु ।
- आँखा उपचार केन्द्र सञ्चालनका लागि आवश्यक सहयोग रकम रु ५ लाख विनियोजन गरेको छु ।
- स्वास्थ्य संस्थाहरुमा EHIMS  प्रणाली लागू गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- आयुर्वेक औषधि खरिदका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- स्वास्थ्य स्वयंसेविकाहरुको प्रोत्साहनका लागि  आवश्यक रकम विनियोजन गरेको छु ।
- विपन्न नागरिक सहायत कार्यक्रमलाई रु ४ लाख विनियोजन गरेको छु ।
- स्वास्थ्य संस्थाहरुमा आवश्यक सामाग्री खरिदका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- दरबाङ्ग व्याडमिण्टन कभर्ड हलको बाँकी निर्माण कार्यका लागि रु १० लाख रुपैयाँ विनियोजन गरेको छु ।
- महिला तथा बालबालिका ,दलित अपाङ्ग लगायतका लक्षित वर्ग कार्यक्रमका लागि रु ५ लाख ५० हजार विनियोजन गरेको छु ।

## ३. पूर्वाधार विकासः

पूर्वाधार  विकास तर्फ शर्सत र पालिकावाट ६ करोड ३० लाख ८ हजार रुपैयाँ विनियोजन गरेको छु ।

- नेपाल सरकार र गण्डकी प्रदेश सरकार संग समपुरक अनुदानमा साझेदारी गर्ने गरी दरबाङ्ग आधारभुत अस्पताल निर्माण, दरबाङ्ग-दिच्यामा-मालिका-रघुगंगा सडक निर्माण र दरबाङ्ग देविस्थान सडक स्तर उन्नतिका लागि रु ३ करोड ९४ लाख ५० हजार  विनियोजन गरेको छु ।
- विभिन्न संघ संस्था संगको साझेदारीमा पुर्वाधार विकास कार्यका लागि रु १९ लाख ६० हजार विनियोजन गरेको छु ।
- राष्ट्रिय मा.वि.मालिका २ को विद्यालय भवन निर्माणका लागि पाहार ट्रष्ट सँग साझेदारी गर्न रु २६ लाख विनियोजन गरेको छु ।

## ४.वातावरण तथा विपद् व्यवस्थापन तर्फः

वातावरण तथा विपद् व्यवस्थापन तर्फ विशेष अनुदान र पालिकावाट १ करोड ८५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

- वातावरण तथा विपद् व्यवस्थानका लागि प्रत्येक वडा र पालिकामा रु. १०/१० लाख रुपैया हुने गरी कुल ८० लाख विनियोजन गरेको ।
- मनसुनजन्य विपद् प्रभावित आवास निर्माणमा साझेदारी कार्यक्रमलाई निरन्तरताका लागि वजेट विनियोजन गरेको छु ।
- उद्धार राहात तथा पुर्नस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- दरबाङ्ग बजार संरक्षणका लागि संघीय विशेष अनुदान मार्फत रु ९२ लाख विनियोजन गरेको छु ।
- सामुदायिक बन सँगको साझेदारिमा जैविक मल बनाउने कार्यक्रमका लागि रु १० लाख विनियोजन गरेको छु ।

## ५. सुशासन तथा संस्थागत विकासः

सुशासन तथा संस्थागत तर्फ  कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा १० करोड ३९ लाख  रुपैया विनियोजन गरेको छु ।

- गाउँपालिकामा अस्थायी तथा करारमा कार्यरत कर्मचारीहरुको मनोवल बृद्धि तथा प्रोत्साहनका लागि साविकको तलवमानमा ५ प्रतिशत र सामाजिक सुरक्षा कोषमा अनिवार्य आवद्ध हुने गरी १२ प्रतिशत रकम थप गरी जम्मा १७.५ प्रतिशत तलब बृद्धि सुनिश्चितता गरेको छु ।
- पालिकाको सुशासन तथा संस्थागत विकास गरी प्रशासनिक सुदृढता कायम गर्न  आवश्यक रकम विनियोजन गरेको छु ।
- संघीय सरकारको बजेट वक्तव्य मार्फत घोषणा भएको कर्मचारी तलबमान बृद्धिका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने बजेट विनियोजन गरेको छु ।
- गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा कार्यरत बालविकास सहजकर्ता , विद्यालय कर्मचारी र सहयोगी कर्मचारीहरुका लागि साविकको तलवमानमा १० प्रतिशत बृद्धिका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- सहकारीको सुधार तथा व्यवस्थापनका लागि उपलब्धताको आधारमा आवश्यक बजेट विनियोजन गरेको छु

- सार्वजनिक जवाफदेहिता कायम गर्नको लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षणका लागि आवश्यक पर्ने वजेट विनियोजन गरेको छु ।
- कर्मचारीहरुको मनोवल बृद्धि गर्न पुरस्कार तथा सम्मानका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- कर्मचारी, जनप्रतिनिधिहरुको कार्यक्षमतामा सुढृद गर्न लागि तालिम तथा आवश्यक सवारी साधन खरिदका लागि रकम विनियोजन गरेको छु ।
- कार्यपालिका बैठक तथा गाउँ सभा सञ्चालनका लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरेको छु ।

सभाध्यक्ष महोदय,

मालिका गाउँपालिकामा विशेष, शर्सत लगायतका योजनामा भएको दायित्व सिर्जनाले गाउँपालिकाको आवश्यकता तथा नागरिकहरुको मागलाई मध्यनजर गर्दै उपलब्ध स्रोत साधनको आधारमा आगामी आ.ब का लागि बजेट तथा कार्यक्रम छनोट गरेका छौं। पालिकाका आधारभुत आवश्यकतालाई पुरा गर्ने प्रयास गरेको छु। यद्यपी पालिकाको राजश्व क्षमता बढाई करका दायरा फराकिलो बनाउन राजश्वका क्षेत्र पहिचान गरी संघ, प्रदेश सरकार र विकास साझेदारी निकायका सहयोग र समन्वयमा बजेटलाई प्रभावकारी रुपमा कार्यान्यिन गर्न सकिनेछ भन्ने विश्वास हाम्रो मालिका गाउँपालिकाको टिमले लिएको छ ।

सभाध्यक्ष महोदय,

अन्त्यमा यस बजेट तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा सहभागी भई बजेट निर्माण कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग र समन्वय गर्नुहुने सभाअध्यक्ष ज्यू, सभा सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी, पालिकाबासी, राजनीतिक दल र यसका प्रतिनिधीहरु, विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्थाहरुलाई म पालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु । पालिकाको समग्र विकासका लागि जनप्रतिनिधिज्यू कर्मचारी तथा आम नागरिकको साझा प्रयासले मात्र सम्भवहुने भएकाले सबैलाई मालिका गाउँपालिकाको विकासमा हातेमालो गरेर अगाडी बढ्न अनुरोध गर्दछु । हाम्रो बजेटलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सके पालिकाले लिएको दिर्घकालिन सोच, लक्ष्य र उद्देश्यहरु पुरा भई पालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, लगायतका सम्पूर्ण क्षेत्रहरुको दिगो तथा गुणस्तरीय विकास भई समन्यायिक, समुन्त तथा समाबेशीयुक्त मालिका गाउँपालिकाको निर्माण गर्ने हाम्रो उद्देश्य पुरा हुनेछ । यस १९ औं गाउँसभामा उपस्थित हुनुहुने सभा सदस्यज्यू, राष्ट्रसेवक कर्मचारी, पत्रकार मित्रहरु तथा आम पालिकावासीलाई लाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । धन्यवाद

**जय मालिका ।**